# ट्रयाक्टर सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन २०८२ सहित)

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०८२।११।१९

**संशोधन**

**ट्रयाक्टर सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२** २०८२।०३।०४

**प्रस्तावना** : कविलासी नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरुमा प्रयोग गर्नका लागि यस कार्यालयको नाममा रहेको ट्रयाक्टर सञ्चालन र व्यवस्थापनका लागि देहयका शर्त, बन्देजमा रही सञ्चालन गर्ने/गराउने गरी यो ट्रयाक्टर सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम "ट्रयाक्टर सञ्चालन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

ख) "नियमावली" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई आधार मानी कार्यान्वयनमा आउने नियमावली लाई सम्झनु पर्छ ।

ग) "नगरपालिका" भन्नाले कविलासी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) "नगर सभा" भन्नाले कविलासी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

ङ) "प्रमुख" भन्नाले कविलासी नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

च) "उपप्रमुख" भन्नाले कविलासी नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

छ) "नगर कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कविलासी नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

झ) "वडा अध्यक्ष" भन्नाले कविलासी नगरपालिकाका वडा अध्यक्षहरुलाई सम्झनु पर्छ ।

ञ) "इन्जिनियर" भन्नाले कविलासी नगर कार्यपालिका कार्यालयको ईन्जिनियर लाई सम्झनु पर्छ ।

ट) "कार्यालय" भन्नाले कविलासी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

---

$ पहिलो संशोधनद्वारा संशोधित

& पहिलो संशोधनद्वारा थप

## ३. उदेश्य

कविलासी नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरु, सरसफाई, फोहरमैला व्यवस्थापन, स्थानीय नगरबासी, संघ, संस्था तथा अन्य विकास आयोजनाहरु तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुका विकास कार्यक्रमहरुमा माग भए अनुसार प्राथमिकताका आधारमा ट्र्याक्टर प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उदेश्य रहने छ ।

## ४. सञ्चालन विधि

(१) कविलासी नगर कार्यपालिकाको कार्यालयमा रहेको ट्र्याक्टर सञ्चालनका लागि देहायको प्रकृया पुरा भए पश्चाात् मात्र फिल्डमा खटाइनेछ ।

क) ट्र्याक्टर माग गर्ने व्यक्ति वा संस्थाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

ख) ट्र्याक्टर माग गर्ने व्यक्ति वा संस्थाबाट माग निवेदन उपर नगर प्रमुख/कार्यालय प्रमुखबाट आदेश भए पश्चात् के ? कति ? समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको नगर कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम नगर कार्यापालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

ग) ट्र्याक्टर माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाए पश्चात नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईनेछ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ ।

घ) ट्र्याक्टर चालकलाई नगर कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै स्थान विशेषमा मेशिन लगी काम गर्ने/गराउने अधिकार रहने छैन ।

ङ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु/गराउनु पर्ने भएमा ट्र्याक्टर चालकले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएर मात्र ट्र्याक्टर सञ्चालन गर्नु पर्नेछ ।

च) ट्र्याक्टर प्रयोग गरे बापतको शुल्क दफा ६ बमोजिम हुनेछ ।

छ) ट्र्याक्टर फिल्डमा खटाउदा कार्यालय कम्पाउण्ड देखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भए सम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क ट्र्याक्टर प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

ज) ट्र्याक्टर खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात् ट्र्याक्टर चालकले कामको विवरण सहित मिटरको तोकिए बमोजिमको अद्यावधिक अभिलेख भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

झ) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरु तथा सवारी लग बुकको व्यवस्था गरिने छ ।

---

$ पहिलो संशोधनद्वारा संशोधित

& पहिलो संशोधनद्वारा थप

ञ) नगर कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

ट) ट्रयाक्टर माग गर्ने व्यक्ति वा संघ/संस्थाले ट्रयाक्टर शुल्क बुझाउदा कविलासी नगरपालिका कार्यालयको राजस्व काउण्टरमा नगदै जम्मा गर्नु पर्ने वा यस कार्यालयको नाममा एनआईसी एशिया बैंक लिमिटेड, कविलासीमा रहेको धरौटी खाता नं.D7CA050685252408 मा रकम जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

ठ) ट्रयाक्टर काममा खटीई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोग कर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा चालकको तथा योजना शाखा वा प्राविधिक शाखा वा ट्रयाक्टर जिम्मा लिने पदाधिकारीको सिफारिसका आधारमा मात्र नगर प्रमुख/कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेकद्धारा फिर्ता गरिनेछ ।

& (२) नगरपालिकाले आफनो कार्यको लागि एवं सार्वजनिक, सामुहिक, महोत्सव, प्राकृतिक विपद् जस्ता आदि कार्यको लागि ट्रयाक्टर प्रयोग गर्दा ऐ. कार्यविधिमा उल्लिखित दफा ४(१) को (ज), (झ) र (ञ) बाहेको व्यवस्था लागु हुने छैन तथा ट्रयाक्टर फिल्डमा खटाउने आदेश नगर प्रमुखको हुनेछ र सो कार्यमा खपत हुने इन्धन कार्यालयले उपलब्ध गराउनेछ ।

## ५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था

क) ट्रयाक्टर चालकले इन्धन तथा लुब्रिकेन्ट्स माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्ट्स खपतको अद्यावधिक लगत ट्रयाक्टर चालकले तयार गरी ईन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

ख) इन्धन तथा लुब्रिकेन्ट्स र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

ग) ट्रयाक्टर बिग्रिएमा बिग्रिएको लिखित जानकारी चालकले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गनुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पश्चात मात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

घ) मर्मत सम्भारको कार्य गर्दा गराउँदा ट्रयाक्टर चालक वा ईन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

ङ) ट्रयाक्टरबाट प्राप्त भएको आम्दानी लाई छुट्टै अभिलेख राखिनेछ । उक्त रकमबाट आवश्यक पर्ने इन्धन कर्मचारी खर्च र मर्मतको लागि खर्च गर्न सकिनेछ ।

**& ६. ट्रयाक्टर सञ्चालन शुल्क** :-कुनै व्यक्ति वा संघ/संस्थाबाट ट्रयाक्टर माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ वा नगरपालिकाको आर्थिक ऐनमा अन्यथा भएमा सोही बमोजिम हुनेछ ।

---

$ पहिलो संशोधनद्वारा संशोधित

& पहिलो संशोधनद्वारा थप

| सि.नं. | कामको प्रकार | इन्धन अन्य खर्च बाहेक (प्रतिदिन) रु. |
|---|---|---|
| १ | कविलासी नगरपालिका क्षेत्र भित्र नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | १,८००।- |
| २ | कविलासी नगरपालिका क्षेत्र भित्र अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित योजनाहरु वा व्यक्तिगत प्रयोग | २,०००।- |
| ३ | कविलासी नगरपालिका क्षेत्र भन्दा बाहिर अन्य स्थानीय तहका क्षेत्र भित्र भएका योजनाहरु तथा व्यक्तिगत प्रयोग | २,०००।- |

ट्र्याक्टर चालक र सहयोगी कर्मचारीलाई खाना तथा वास बस्नु परेमा सो को व्यवस्था गर्ने दायित्व सम्बन्धित प्रयोगकर्ताको हुनेछ ।

## ७. कर्मचारी व्यवस्था

क) ट्र्याक्टर सञ्चालनका लागि आवश्यक पर्ने चालक प्रति ट्र्याक्टर १ जना प्रचलित कानून बमोजिम सेवा करार नियुक्ती गरिनेछ ।

ख) चालकले कार्यालयबाट दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

## ८. ट्र्याक्टर व्यवस्थापन तथा सञ्चालन समिति

क) ट्र्याक्टर मेसिनलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको नगर प्रमुखको संयोजकत्वमा एक समिति रहने छ ।

| | |
|---|---|
| नगर प्रमुख | -संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| कार्यपालिका सदस्य मध्ये एक जना महिला सहित (२ जना) | -सदस्य |
| ईन्जिनीयर | -सदस्य |
| राजश्व शाखा प्रमुख | -सदस्य |
| जिन्सी शाखा प्रमुख | -सदस्य सचिव |

ख) समितिले ट्र्याक्टर सञ्चालन शुल्कको पुनरावलोकन, ट्र्याक्टर सञ्चालन तथा व्यवस्थापनको लागि थप निर्देशन लगायतका कार्यहरु गर्नेछ ।

## ९. विविध

क) ट्र्याक्टरको माईल मिटर, घण्टा, मिनेट लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व ट्र्याक्टर चालकको हुनेछ ।

ख) ट्र्याक्टर चालकलाई आवश्यक सहयोग पुर्याउनका लागि आवश्यक परेको खण्डमा १ जना सहयोगी समेतको व्यवस्था गर्न सकिने छ । यसरी खटिने सहयोगीले जिल्ला दररेट अनुसार दैनिक ज्यालादारीमा

---

$ पहिलो संशोधनद्वारा संशोधित

& पहिलो संशोधनद्वारा थप

ज्याला पाउने व्यवस्था मिलाईनेछ । ट्र्याक्टर चालकले फिल्डमा खटेको दिन खाजा र पानी वापत प्रति चालक रु.२००।- को दरले पाउनेछ ।

ग) ट्र्याक्टर कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । नगरपालिकाका ईन्जिनियर, राजश्व शाखा प्रमुख वा भण्डार प्रमुखले समेत ट्र्याक्टर चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्नेछ ।

घ) ट्र्याक्टर फिल्डमा खटाउने/नखटाउने सिफारिस योजना, राजश्व शाखा तथा ईन्जिनियरको हुनेछ ।

ङ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गनुपर्ने भएमा नगर कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

च) ट्र्याक्टरलाई क्षति नहुने गरी तोकिएको कार्य गर्नु पर्ने दायित्व चालकको हुनेछ । ठूला ठूला रुख, गह्रौ प्रकृतिका मेशिन उपकरण टोचन गर्न, तान्न आदी कार्य चालकले नगरपालिकामा जानकारी गराएर प्राप्त निर्देशन बमोजिम मात्र गर्नु पर्नेछ ।

---

$ पहिलो संशोधनद्वारा संशोधित

& पहिलो संशोधनद्वारा थप

अनुसूची-१

मिति :..............................

श्रीमान् नगर प्रमुखज्यू,
कविलासी नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

विषय : ट्रयाक्टर उपलब्ध गरी पाउँ ।

कविलासी नगर कार्यपालिकाको कार्यालयको ट्रयाक्टर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौं ।
नियमानुसार लाग्ने शुल्क लिई ट्रयाक्टर उपलब्ध गराई पाउँ ।
ट्रयाक्टर माग गर्नेले भर्ने :

| ट्रयाक्टर माग गर्नेको नाम, ठेगाना | कामको विवरण | ट्रयाक्टर प्रयोग हुने स्थान | अनुमानित समय/दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................

माग गर्नेको दस्तखत

नगर कार्यपालिकाको कार्यालयको तर्फबाट भर्ने :

| माँग गरिएको मिति | जाँदा लाग्ने अनुमानित समय | फर्किदा लाग्ने अनुमानित समय | माँग गरिएको अनुमानित समय/दिन | प्रयोग हुने कुल अनुमानित समय/दिन | जम्मा शुल्क |
|---|---|---|---|---|---|
| | | | | | |

.......................                                        .........................

ईन्जिनियर                                        प्रमुख प्रशासकीय अधिकृत

राजश्व शाखाले भर्ने :

| रसिद नं.र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

.......................

नगर प्रमुख

$ पहिलो संशोधनद्वारा संशोधित
& पहिलो संशोधनद्वारा थप

अनुसूची-२

(ट्र्याक्टर मर्मत सम्बन्धी निवेदनको ढाँचा)

श्रीमान् प्रमुखज्यू,
कविलासी नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही ।

विषय : ट्र्याक्टर मर्मत सम्बन्धमा ।

महोदय,

यस कविलासी नगरपालिकाको ट्र्याक्टरको तपशिलको पार्ट्समा खराबी आई सञ्चालनमा बाधा परेकोले चेक जाँच गराई मर्मतको व्यवस्था मिलाई दिनु हुन यो निवेदन गर्दछु ।

श्रीमानको जो आदेश ।

| सि.नं. | समस्या आएको सामान वा पर्ट्सको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

दस्तखत : ……………

ट्र्याक्टर चालकको नाम :

ईन्जिनियरले भर्ने :

उपरोक्त सामान फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखिएकाले सिफारिस गर्दछु ।

दस्तखत : …………

$ पहिलो संशोधनद्वारा संशोधित
& पहिलो संशोधनद्वारा थप

अनुसूची-३
कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही ।
ट्र्याक्टर सञ्चालन लगबुक

| सि. नं. | मिति | कामको विवरण | शुरु अंक माइल मिटरको (घण्टा मिनेट) | अन्तिम अंक माइल मिटरको (घण्टा मिनेट) | जम्मा ( घण्टा मिनेट) | इन्धन खर्च ( अनुमानित ) | अन्य खर्च | चालक को हस्ताक्ष र | उ.स.को हकमा उ.स.अध्यक्ष, वडाको हकमा सम्बन्धीत वडाअध्यक्ष तथा ठेक्काको हकमा सम्बन्धित ठेक्केदारको नाम र हस्ताक्षर | कैपि ञयत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सिफारिस गर्ने : रुजु गर्ने : प्रमाणित गर्ने :

ईन्जिनियर लेखा प्रमुख प्रशासकीय अधिकृत

$ पहिलो संशोधनद्वारा संशोधित
& पहिलो संशोधनद्वारा थप